राष्ट्रिय लिग

# लालीगुराँसको विजयी सुरुआत, सातदोबाटो र संकटाबीच बराबरी

सौर्य समाचार

काठमाडौँ । राजधानीमा जारी राष्ट्रिय लिग फुटबल प्रतियोगितामा मोफसलको लालीगुराँस एसोसिएसन क्लबले विजयी सुरुआत गर्दा सातदोबाटो युथ क्लब र संकटा क्लबले बराबरी खेलेका छन् । लालीगुराँसले जावलाखेल युथ क्लबलाई पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो । सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको खेल मैदानमा बिहीबार भएको खेलमा पोखराको लालीगुराँस क्लबले 'ए' डिभिजन लिग क्लब जावलाखेल युथलाई १-० ले गोल अन्तरले पराजित गर्‍यो ।

लालीगुराँसका लागि राज भुसालले निर्णायक गोल गरे । उनले खेल सुरुआती दोस्रो मिनेटमा गोल गर्दै आफनो टोलीको जित सुनिश्चित गरे । यस जितसँगै लालीगुराँसले शीर्ष ३ अंक बटुलेको छ । त्यसैगरी सोही मैदानमा बिहीबार नै भएको अर्को खेलमा सातदोबाटो र संकटाबीचको खेल गोलरहित बराबरी सकिएको छ । बराबरीसँगै दुवै टोलीले १-१ अंक बाँडेका छन् । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बिहीबार सम्पन्न खेलमा दुवै टोलीले अवसर सिर्जना गरे पनि गोल गर्न असफल भए ।

खेलको पहिलो हाफमा सातदोबाटोले केही राम्रा अवसर पाए पनि त्यसलाई गोलमा परिणत गर्न सकेन । अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा बुधबारदेखि सुरुआत भएको उक्त प्रतियोगितामा विभिन्न १७ टोलीको सहभागिता रहेको छ ।





## साफ फुटसलमा नेपालको फराकिलो जित

नेपाली टोलीले थाइल्यान्डमा जारी साफ महिला फुटसल च्याम्पियनसिपमा पहिलो जित हासिल गरेको छ । नेपालले बैंककस्थित नन्थाबुरी रंगशालामा सम्पन्न खेलमा नेपालले माल्दिभ्सलाई ५-० गोलको फराकिलो अन्तरले हराएको हो । ४० मिनेटको खेलको पहिलो हाफमा नेपालले ४-० को अग्रता लिएको थियो । नेपालका लालि जेनिफर रानाले २, विमला चौधरी तथा मनिषा थापामगरले समान १ गोल गरेका हुन् ।

नेपालले जेनिफरको गोलमा चौथो मिनेटमा नै अग्रता लिएको थियो । विमलाले ११औँ मिनेटमा गोल गर्दै अग्रता दोब्बर पारिन् भने लगत्तै जेनिफरले अर्को गोल थपिन् । १८औँ मिनेटमा मनिषाले गोल गरेपछि नेपालले पहिलो हाफमा नै फराकिलो जितउन्मुख पुगेको थियो । खेल सकिन १ मिनेट बाँकी रहँदा फातिमाथ सइनाको आत्मघाती गोल गरेपछि नेपालले खेल ५-० ले जित्यो ।

च्याम्पियनसिपमा दोस्रो खेलमा नेपालको यो पहिलो जित हो । नेपालले पहिलो खेलमा श्रीलंकासँग २-२ को बराबरी खेलेको थियो । प्रतियोगितामा माल्दिभ्सले भने लगातार दोस्रो खेलमा हार बेहोरेको छ । साफ फुटसल च्याम्पियनसिप पहिलोपटक आयोजना भएको हो ।



# नेपाली क्रिकेट टोलीको बलिङ प्रशिक्षकमा अस्ट्रेलियाका हार्भे नियुक्त

सौर्य समाचार

काठमाडौँ । नेपाली राष्ट्रिय क्रिकेट टोलीको बलिङ कन्सलटेन्ट कोचमा अस्ट्रेलियाका पूर्वअन्तर्राष्ट्रिय खेलाडी इयान हार्भेलाई नियुक्त भएका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले बिहीबार सूचना जारी गर्दै आगामी टी-२० विश्वकपको तयारीलाई लक्षित गर्दै हार्भेलाई टोलीको बलिङ पक्ष सुदृढ बनाउने जिम्मेवारीसहित नियुक्त गरिएको जानकारी दिएको हो । आगामी टी-२० विश्वकपको तयारीमा जुटिरहेको नेपाली टोलीका लागि हार्भेको आगमनलाई महत्वपूर्ण रूपमा हेरिएको छ । अन्तर्राष्ट्रिय क्रिकेटमा लामो अनुभव हासिल गरेका हार्भेले नेपाली बलरहरूको सीप, रणनीति र मानसिक तयारीमा विशेष ध्यान दिने अपेक्षा गरिएको क्यानले जनाएको छ । विशेषगरी, डेथ ओभर बलिङ, लाइन-लेन्थ र विभिन्न परिस्थितिमा बलिङ गर्ने कला विकासमा हार्भेको भूमिका निर्णायक हुने विश्वास गरिएको छ ।

५३ वर्षीय हार्भे अस्ट्रेलियाका पूर्वअलराउन्डर हुन् । उनले अस्ट्रेलियाको राष्ट्रिय टोलीबाट ७३ एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेल्दै ७१५ रन बनाउनुका साथै ८५ विकेट पनि लिएका छन् । खेल जीवनपछि प्रशिक्षकका रूपमा समेत विभिन्न देश र फ्रेन्चाइज टोलीसँग काम गरिसकेका हार्भेसँग आधुनिक क्रिकेटको राम्रो अनुभव रहेको छ । टी-२० विश्वकप आगामी ७ फेब्रुअरीदेखि भारत र श्रीलंकामा सुरु हुँदैछ । नेपाल समूह 'सी' मा परेको छ, जहाँ समान २ पटकका च्याम्पियन इंग्ल्यान्ड र वेस्ट इन्डिजसँगै इटाली र बंगलादेश रहेका छन् । कडा प्रतिस्पर्धा हुने समूहमा नेपालले सशक्त प्रदर्शन गर्न हार्भेको अनुभव उपयोगी हुने अपेक्षा गरिएको छ ।

■ चलचित्र जाँच तथा वर्गीकरणसम्बन्धी कार्यविधि

# सेल्फ सेन्सर र वर्गीकरणमा प्राथमिकता

सौर्य समाचार

काठमाडौँ । केन्द्रीय चलचित्र जाँचपास समिति (फिल्म सेन्सर बोर्ड)ले नयाँ कार्यविधि 'चलचित्र जाँच तथा वर्गीकरणसम्बन्धी कार्यविधि २०८२' लागू गरेको छ । कार्यविधि लागू भएसँगै सेन्सरमा फिल्म काँटछाँटभन्दा पनि वर्गीकरणलाई जोड दिइने सेन्सरले जनाएको छ ।

सेन्सरले फिल्मको सेन्सर गर्दा कुन समूहका दर्शकले हेर्न पाउने भन्नेमा जोड दिने जनाएको छ । जसअनुसार कार्यविधिको बुँदा नम्बर ५ मा 'समितिले चलचित्रको विषयवस्तु, संवाद, दृश्य तथा बालबालिका एवं किशोरकिशोरीको मनोस्वास्थ्यलाई चलचित्र प्रयोग भएका हिंसा, यौन, नग्नता, लागुपदार्थ, भाषा, कथाको सन्दर्भ, उद्देश्य र कथाको मूल थिम समेतलाई मध्यनजर गरि चलचित्र हेर्न दर्शकको उमेर समूह लक्षित वर्गीकरण गरी चलचित्रलाई सार्वजनिक प्रदर्शन गर्न देहाय बमोजिमको लोगो अंकित प्रमाण पत्र दिनुपर्नेछ ।' भनी उल्लेख छ । यसै बुँदाको 'क', 'ख', 'ग' र 'घ'मा फिल्मको वर्गीकरण गरिएको छ ।

बोर्ड सदस्य कुवेर गिरीले सेन्सर प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी र झन्झटमुक्त बनाउन कार्यविधि ल्याइएको बताए । 'हाम्रो टिम आएदेखि नै फिल्मको सेन्सरमा सहज गर्दै आएका छौँ', गिरीले भने 'सेन्सरमा कैँची होइन, वर्गीकरणमा जोड दिइन्छ ।' पछिल्लो समय कुनै पनि फिल्ममा सेन्सरले कैँची नचलाएको गिरीले दाबी गरे ।

समितिले कार्यविधिकमा पुसदेखि लागू भएको 'चलचित्र जाँचसम्बन्धी कार्यविधि २०८२' को सातौँ बुँदामा रहेको 'समितिले चलचित्र जाँच गरी प्रदर्शन गर्न अधिकार प्रत्यायोजन गरेको अवस्थामा बाहेक समितिबाट जाँचपास भएका चलचित्र मात्र महोत्सवमा प्रदर्शन गर्न पाइनेछ'लाई पनि हटाएको छ । केही समयअघि जारी भएको 'चलचित्र जाँचसम्बन्धी कार्यविधि २०८२'का केही बुँदामा विवाद बढेपछि नयाँ कार्यविधि ल्याइएको हो ।


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/१०/०२

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

तपसिलः

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान (मु.अ. कर बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| NMUN/NCB/ Works/08/082/83 | Upgarding Of Thulo Bhalukharka Sadak Namobuddha 11 | NRs. 33,20,482.55 | NRs. 97,000.00 | NRs. 3,000.00 |
| NMUN/NCB/ Works/09/082/83 | Upgrading Of Darimbot Pipaltar Sadak Namobuddha 08 | NRs. 25,61,499.04 | NRs. 75,000.00 | NRs. 3,000.00 |
| NMUN/NCB/ Works/10/082/83 | Upgrading Of Jamadartol Ratmate Sadak Namobuddha 06 | NRs. 72,29,962.38 | NRs. 215,000.00 | NRs. 3,000.00 |
| बैङ्क खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>Office Name: Namobuddha Municipality Office<br>Office Code: 801032602<br>Rajswo Shirshak: 14219<br>Rajaswa (revenue) account no (for bid fee): Ga-1-1-1540100301010002<br>Dharauti Account No. (For Bid Security): Ga-3-1540100303000002 | | | |

प्रमुख प्रशासकीय अधिकृत



## Saipal Rural Municipality
## Office of Rural Municipal Executive

Kanda, Bajhang

Invitation for Bids No: NCB/SRM/03/2082-083

### Invitation for Bids

Date of publication: 2082-10-02

1. Saipal Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Saipal RM-1,2,3,4 and 5 Cemented pokhari under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 2871605.02 in estimate amount inclusive VAT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Saipal Rural Municipality, Kanda, Bajhang, ito.Saipalmun@gmail.com, 9849555429 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office Saipal Rural Municipality and Kanda, Bajhang by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs.3000 till 2082-11-04 12:00 Noon during office hours.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Everest Bank Ltd.**
   **Name of Offic: Saipal Rural Municipality**
   **Office Code no.: 80770501300**
   **Account no.: 12400106200000**
   Rajaswa (revenue) Shirshak no.:
4. 10-28. Pre-bid meeting shall be held at Saipal Rural Municipality and Kanda, Bajhang at 14:00 Noon and 2082-
5. Sealed or Electronic bids must be submitted to the office Saipal Rural Municipality and Kanda, Bajhang by hand/courier or through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 2082-11-04. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Noon and 2082-11-04 at the office of Saipal Rural Municipality, Kanda, Bajhang. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs 65000 (2 to 3% of estimated amount without VAT and Contingencies but including PS), which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ, कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०८२।१०।०२)

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्रको न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्वन्धित सबै बोलपत्रदाताहरु को जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक मू.अ.कर.सहित |
|---|---|---|---|
| URL-Bldng-W-NCB-15-082/83 | Completion of Bhyal Shrestha Bhawan, Urlabari-1. | श्री टांडी निर्माण सेवा प्रा.लि., मिक्लाजुङ्ग -०४ | १६,३७,३९२।६० |

प्रमुख प्रशासकिय अधिकृत



## मंगलसैन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मंगलसैन, अछाम

### बोलपत्रको प्राविधिक मुल्यांकन स्वीकृत तथा आर्थिक प्रस्ताव खोलिने सम्बन्धि सूचना

प्रकाशन मिति: २०८२/१०/०२

प्रस्तुत विषयमा यस मंगलसेन नगरपालिकाको कार्यालयको ठेक्का नं. (MM/ACH/NCB/W-01/2082-083) "RedCross Dekhi Nagarpalika Kendra Jodne Pitch Road, Mangalsain-5, Achham" अन्तर्गत प्रथम पटक प्रकाशित मिति २०८२/०८/०७ गतेको रास्ट्रीय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र (Single Stage-Double Envelope) आह्वान सम्बन्धि सुचना अनुसार तोकिएको म्यादभित्र PPMO को e-procurement portal मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्रको प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको प्राविधिक प्रस्तावहरु योग्य देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ५ तथा ६ बमोजिम तपसिलमा उल्लेख भएको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

| क्र.स. | निर्माण कार्यको विवरण | प्राविधिक मुल्यांकनमा छनौट भएका बोलापत्रदाताहरु |
|---|---|---|
| १. | RedCross Dekhi Nagarpalika Kendra Jodne Pitch Road, Mangalsen-5, Achham (MM/ACH/NCB/W-01/2082-083) | 1. Shivling-D.S JV, Kohalpur-4, Banke.<br>2. Sawad-Shree Malika J.V., Dhangadhi-2, Kailali<br>3. Jagadamba-G&J-AND JV, Nepalgunj, Banke<br>4. Kaushik-Jenisha-Hariganga JV, Sharada-03, Salyan<br>5. Nandamata-R.K JV, Mangalsain-5 Achham |
| आर्थिक प्रस्ताव खोलिने मिति: २०८२/१०/०९ समय: दिनको ठिक १:०० बजे स्थान: मंगलसेन नगरपालिकाको कार्यालय, मंगलसेन, अछाम । | | |

प्रमुख प्रशासकीय अधिकृत


**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी